महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

किस्पाङ गाउँपालिका

नुवाकोट

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
किस्पाङ गाउँपालिका
नुवाकोट



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८।७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित

नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय ....

पत्र संख्याः २०७९।८०
च.नं. ९७ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
किस्पाङ गांउपालिका, गांउकार्यपालिकाको कार्यालय, नुवाकोट

कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.८६ लाख ३७ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु ९३ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १२ लाख ३४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३८ लाख ५७ हजार, नियमित गर्नुपर्ने रु. ३४ लाख ५१ हजार रहेको छ।पालिकाको गतवर्ष सम्म रु ६ करोड ७५ लाख १७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ७ करोड ६० लाख ६१ हजार रहेको छ । पालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गांउकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाँउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

श्याम प्रसाद भण्डारी
नायब महालेखापरीक्षक

किस्पाङ गांउपालिका, नुवाकोट

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
३७	३२	८६३७	०	३	९४	३७	२९	८५४३	१२३४	३४५२	३८५७	०	०	७३०९	०

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

क्र.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु. हजार
१	२६	करकट्टी नगरेको	३४
२	२७	अर्थमन्त्रालयको मापदण्ड विपरीत वढी भुक्तानी	११
३	४७	निरमान ढंगोल वढी भुक्तानी	४८

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
किस्पाङ गांउपालिका	७५८२७	०	८३१०	६७५१७	०	८५४४	७६०६१

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : किस्पाङ गाउँपालिका, नुवाकोट , किस्पाङ गाउँपालिका , नुवाकोट

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	महाप्रसाद दंगाल	२०७८-१०-६	हाल सम्म कार्यरत
लेखा प्रमुख	सविना अर्याल	२०७८-४-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	८,५४३,९७४.६६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५,७९,४३,५३७.८	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२५,५४,०२,६६७	**चालु खर्च**	१८,८४,६४,३००.६४
प्रदेश सरकारबाट अनुदान	५,२२,०३,०००	**पूँजीगत खर्च**	१५,४३,०८,९४७
राजश्व बाँडफाँट	६,३८,८६,६४२	**वित्तीय/अन्य व्यवस्था**	०
आन्तरिक आय	८०,०५,३७०		
अन्य आय	०		
कुल आय	३७,९४,९७,६७९	**कुल खर्च**	३४,२७,७३,२४७.६४
बाँकी मौज्दात		८,८२,४२,४१०.९९	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्देश्य रहेको छ । यस गाँउपालिका अन्तर्गत ५ वडा, २९ सभा सदस्य, ८२.५८ वर्ग किलोमिटर क्षेत्रफल तथा १४ हजार ८६१ जनसंख्या रहेको छ ।	
२			स्थानीय संचित कोषः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७८।७९ को कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।	

किस्पाङ् गाउँपालिका					
गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट					
वित्तीय प्रतिवेदन २०७८।७९					
विवरण	यस वर्ष रु.			गतवर्ष रु.	
	बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	जम्मा
प्राप्ती (क+ख)	३९,४२,१७,००५	३९,०५,२७,२०४.११	३९,०५,२७,२०४.११	३८,७६,१७,२६२.९४	३८,७६,१७,२६२.९४
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)	३९,४२,१७,००५	३८,७१,५४,५३२.११	३८,७१,५४,५३२.११	३८,०३,१२,३२१.१६	३८,०३,१२,३२१.१६
११००० कर	६,८९,७७,००५	६,२८,९९,७७५.११	६,२८,९९,७७५.११	६,५७,१०,१०५.४६	६,५७,१०,१०५.४६
१३००० अनुदान	३०,९६,१६,०००	३०,७६,०५,६६७	३०,७६,०५,६६७	३०,५६,३६,६११	३०,५६,३६,६११
संघीय सरकार	२५,६२,५७,०००	२५,५४,०२,६६७	२५,५४,०२,६६७	२३,९८,८६,६११	२३,९८,८६,६११
प्रदेश सरकार	५,३३,५९,०००	५,२२,०३,०००	५,२२,०३,०००	६,५७,५०,०००	६,५७,५०,०००
१४००० अन्य राजस्व	१,५६,२४,०००	१,६६,४९,०९०	१,६६,४९,०९०	८९,६५,६०४.७०	८९,६५,६०४.७०
ख. अन्य प्राप्ति		३३,७२,६७२	३३,७२,६७२	७३,०४,९४१.७८	७३,०४,९४१.७
वितरण गर्न बाकी राजस्व	०	०	०	०	०
कोषहरु	०	०	०	४५,०४,४८९	४५,०४,४८९
धरौटी	०	३३,७२,६७२	३३,७२,६७२	२८,००,४५२.७८	२८,००,४५२.७८
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०	०	०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

भुक्तानी (ग+घ)	४६,९७,९७,०००	३४,५३,१९,०१०.६४	३४,५३,१९,०१०.६४	३५,२०,७३,२४१.३०	३५,२०,७३,२४१.३०
वितरण गर्न बाकी राजस्व	०	०	०	०	०
कोषहरु	०	०	०	४५,०४,४८९	४५,०४,४८९
धरौटी	०	३३,७२,६७२	३३,७२,६७२	२८,००,४५२.७८	२८,००,४५२.७८
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०	०	०
भुक्तानी (ग+घ)	४६,९७,९७,०००	३४,५३,१९,०१०.६४	३४,५३,१९,०१०.६४	३५,२०,७३,२४१.३०	३५,२०,७३,२४१.३०
गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)		४,३०,३४,२१७.५२	४,३०,३४,२१७.५२	५,७२,५४,२९७.६२	५,७२,५४,२९७.६२
वर्षान्तको बाकी रकम (ङ + च)	(७,५५,७९,९९५)	८,८२,४२,४१०.९९	८,८२,४२,४१०.९९	९,२७,९८,३१९.२६	९,२७,९८,३१९.२६
क तथा नगद बाकी		८,८२,४२,४१०.९९	८,८२,४२,४१०.९९	५,७९,४३,५३७.८०	५,७९,४३,५३७.८०

कार्यालयबाट प्रस्तुत संचित कोषको वित्तीय प्रतिवेदनमा नेपाल सरकार (संघ) र प्रदेश सरकारबाट (CGAS) प्रणाली अन्तर्गत निकासा भई खर्च भएको रकम समावेस गरेको छैन। उक्त कारोवार संचित कोषको वित्तीय प्रतिवेदनमा समावेस भएको छैन। पालिकाले समग्र आर्थिक कारोवार समेटीने गरी एकिकृत वित्तीय विवरण तयार गर्नु पर्दछ।

क) **जिम्मेवारी फरक –** स्थानीय तहको संचित कोषमा गत विगतको वांकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाव राख्ने र जिम्मेवारी एकिन गर्नु पर्दछ। श्रेष्ताअनुसार गत वर्षको अल्या रु.४३०३४२१७.५२ रहेको उल्लेख गरेकोमा वैक स्टेटमेण्ट अनुसार रु.४३३४८७४२.५२ जिम्मेवारी सारी श्रेष्ता भन्दा रु. ३१४५२५।०० वढी जिम्मेवारी सारेको देखियो।

ख)**अन्तिम मौज्दातमा फरक:** स्थानीय तहको संचित कोषमा गत विगतको वांकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाव राख्ने र जिम्मेवारी एकिन गर्नु पर्दछ। सुत्रको २७२ को तथ्यांक अनुसार वर्षान्तको मौज्दात रु.८८२४२४१०.९९ रहेको देखाएकोमा वैंक स्टेटमेण्टअनुसार जम्मा मौज्दात रु.२७५१६६९७.७१ देखाएको छ, जसले गर्दा सुत्र भन्दा वैंकमा रु. ६०७२५७१३.२८ फरक परेको सम्वन्धमा धरोटी खातामा छुट्टै रु. ६७३४५५६.५२ रहेको तथा अनुदान फिर्ता रु. ५४३०८२४५।०० गरेकोमा वांकी रु.३१७०८८.२४ को हिसाव भिडान भएन एकिन गरी प्रमाण पेश हुनुपर्ने देखिन्छ।

३			**लेखापरीक्षणका क्रममा असुली**: पालिकावाट लेखापरीक्षणका क्रममा रु ५४००।०० असुली भएको छ।	
४			**आन्तरिक नियन्त्रण** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था भएतापनि पालिकामा आन्तरिक नियन्त्रण प्रणाली बनाई लागू भएको देखिएन। यस कार्यालयमा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छन:	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• स्थानीय सरोकार संचालन ऐन २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता मितव्ययिता कार्यदक्षता र प्रभावकारिताको आधारमा लेखापरीक्षण चौमासिक समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखा परीक्षण गराउनुपर्ने व्यवस्था छ। यस कार्यालयमा यस बा ब मा आन्तरिक लेखा परीक्षण गराएको पाइएन पालिकाले यसविषयमा ध्यान दिनुपर्दछ। • पालिका अन्तर्गत हुने ठेक्काको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाताको व्यवस्था गरि अभिलेख राख्नु पर्दछ। • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको बार्षिक कार्यक्रम को प्रगती समेतकोअभिलेख राखिएको पाइएन	
५			**कर्मचारी करार**:स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ५३ जना कर्मचारीहरु करारमा राखी रु.१५ लाख १२ हजार खर्च लेखेको छ ।	
६			**तलवि प्रतिवेदन** निजामती सेवा ऐन अनुसार स्थायी कर्मचारीहरुको तलव भत्ता भुक्तानी दिनुपूर्व जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा तलवी प्रतिवेदन पारित वेगर रु १ करोड ४० लाख २९ हजार खर्च लेखेको छ । तलवी प्रतिवेदन पारित नभएकोले तलव भत्ता र ग्रेड रकम यकिन गर्न सकिएन ।	
७			**दरबन्दी र पदपूर्ति**:पालिकामा स्वास्थ्य संस्था सहित ७९ दरबन्दी रहेकोमा ३९ पदपूर्ति र ४० रिक्त रहेको विवरण प्राप्त भएको छ । पालिकाले दरबन्दी अनुसार पदपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ ।	
८			**विविध खर्च**:स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रु.१५लाख ९६ हजार खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
९			**अन्तिम मौज्दातमा फरक**: अन्तिम मौज्दातमा फरकः स्थानीय तहको संचित कोषमा गत विगतको वांकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाव राख्ने र जिम्मेवारी एकिन गर्नु पर्दछ । सुत्रको २७२ को तथ्यांक अनुसार वर्षान्तको मौज्दात रु.८८२४२४१०.९९ रहेको देखाएकोमा वैंक स्टेटमेण्टअनुसार जम्मा मौज्दात रु.२७५१६६९७.७१ देखाएको छ, जसले गर्दा सुत्र भन्दा वैंकमा रु. ६०७२५७१३.२८ फरक परेको सम्वन्धमा धरोटी खातामा छुट्टै रु. ६७३४५५६.५२ रहेको तथा अनुदान फिर्ता रु. ५४३०८२४५।०० गरेकोमा वांकी रु.३१७०८८.२४ को हिसाव भिडान भएन एकिन गरी प्रमाण पेश हुनुपर्ने रु.	३१७,०८८
१०			**अनुदान फिर्ता**: अनुदान फिर्ताःसंघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था बमोजिम खर्च हुन नसकेका शर्त सहितका अनुदान फिर्ता गर्नुपर्नेमा हालसम्म फिर्ता नगरेको देखिएकोले फिर्ता गरी प्रमाण पेश हुनुपर्ने रु ७३६०००।००	७३६,०००
११			**कानून तर्जुमा तथा कार्यान्वयनः**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कानून र सञ्चालन स्थिति– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्य विधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ ।जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस गाउँपालिकाले हालसम्म २ वटा ऐन, २३ वटा कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । साथै गाउँपालिकाले २ वटा कानूनहरू निर्माण गरी सभा कार्यपालिकाबाट स्वीकृत गरी उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरेको छैन् । उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
१२			**न्यायिक समितिः** न्यायीक समिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस वर्ष २१ विवाद दर्ता भएकोमा ८ वटा मात्र फछर्यौट अन्य निकायमा सिफारिस गरी पठाएको १ आपसी मेलमिलाप २ र १० वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१३			**वजेट पेश अख्तियारीः** बजेट पेश, पारित र अख्तियारी –स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र स्थानीयतहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस गाँउपालिकाका उपप्रमुख मायांदेवि न्यौपानेले मिति २०७८।०३।१४ मा नीति तथा कार्यक्रम र वजेट पेश भई रू ४५ करोड ५४ लाख २४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।१४ मा पारित भएको छ । यसै गरी स्थानीयतहका प्रमुखले मिति २०७८।०३।२९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
१४			**अवण्डा वजेटः** अबण्डा बजेट– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ ।यस स्थानीयतहले यो बर्ष रू३१ लाख अबण्डा राखेको छ ।बजेट अबण्डमा राखी कार्यपालिकाको पटके निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नु पर्दछ।	
१५			**चौमासिक पूँजीगत खर्चः** चौमासिक पूँजीगत खर्चः प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि ३ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नु पर्दछ।	

बजेट	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td></td><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेस्रो चौमासिक</td><td>आषाढ महिनाको मात्र खर्च</td></tr><tr><td>संघीय, प्रदेश</td><td>१५४३०८</td><td>१४२३८</td><td>३०९१४</td><td>१०९१५५</td><td>२९६८९</td></tr><tr><td>खर्च प्रतिशत</td><td>१००</td><td>९.२२</td><td>२०</td><td>७०</td><td>१९.२४</td></tr></table></td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>बिल भरपाई नभएको

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९ बमोजिम कुनै पनि सार्वजनिक निकायले कारोबारको लेखा राख्दा त्यसका आवश्यक बिल भरपाई राख्नुपर्ने व्यवस्था छ। तर पालिकाले फिल्ड सहायक करण मोक्तान लाई बिल भरपाई तथा आवश्यक कागजात बेगर मिति २०७९/३/२४ मा भौचर न. ३२४ र भौचर न. ३४१ बाट रु १४२००० खर्च लेखेको देखिन्छ यसरि कानुनविपरित गरेको भुक्तानी करण मोक्तानबाट असुल गर्नुपर्नेर रु १४२०००</td><td>१४२,०००</td></tr>
<tr><td>१७</td><td></td><td></td><td>शिक्षक दरबन्दि

यस पालिका अन्तर्गतका २४ विद्यालयको जम्मा शिक्षक दरबन्दि १०९ रहेकोमा २ वटा शिक्षकको दरबन्दि रिक्त रहेको देखिन्छ। यसरि रिक्त रहेको दरवन्दि पालिकाले समयमै पदपुर्ति गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>कर्मचारी कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले कल्याण कोष स्थापना गरेको छैन।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>जिन्सी निरीक्षण प्रतिवेदन</td><td></td></tr>
<tr><td>१९.१</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९(१) बमोजिम आ ब २०७८।०७९ को यस कार्यलयले जिन्सि निरिक्षण प्रतिवेदन तयार पारेको देखिएन। कार्यालय प्रमुखले हरेक वर्ष नियमावली बमोजिम लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षको एक पटक आफै वा जिन्सी शाखा हेर्ने कर्मचारी बाहेक कम्तिमा तिन सदस्यिय समिति गठन गरि समितिबाट निरिक्षण गराई महालेखापरीक्षकबाट स्विकृत ढाँचामा जिन्सी निरिक्षण तथा प्रतिवेदन लिनु पर्नेछ भनि व्यवस्था गरिएको हुदा कार्यलयले सो कार्य गर्नु गराउनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>१९.२</td><td></td><td></td><td>कार्यालयले सरकारी सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को प्रयोग गरेता पनि जिन्सी सामाग्री मर्मतको रकम सहितको छुट्टा छुट्टै विवरण प्राप्त हुन सकेन। प्रणालिमा प्रविष्ट भएता पनि सवै जिन्सी सामाग्री प्रविष्ट भएको भेटिएन। एकिकृत जिन्सी खाता राखेको देखिएन। कार्यलयले PAMS मा प्रविष्ट गर्दा एकिकृत जिन्सी खातामा अभिलेख राख्ने व्यवस्था छ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>कोभिड १९ तथा प्रकोप व्यवस्थापन कोष</td><td>५०९,१९८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कोभिड १९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार हस्तान्तरण कार्यविधि २०७८ बमोजिम महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण कार्यका लागि संघिय सरकारबाट रु ३२४००००। निकासा भई यस गा पा बाट सात परिवारलाई रु १०००० का दरले जम्मा ७ परिवारलाई रु ७००००। नगद वितरण गरिएको देखिन्छ।
यस कार्यलयमा कोभिड तथा महामारि रोकथामकालागि स्थापित प्रकोप व्यवस्थापन कोष खाता सानिमा वैंक किस्पाङमा स्टेटमेण्ट मा गत आव को अ ल्या रु १४६७८३।रहेको देखियो र रु ३६२४१५ खातामा आएको देखिन्छ। आ ब को अन्त्यमा रु ३५०२८२। मौज्दात रकम देखियो। यस सम्बन्धि श्रेस्ता कार्यलयले पेश नगरेको हुदा यस सम्बन्धमा हिसाव एकीन गर्न सकिएन। प्रमाण पेश गरि एकिन गर्नुपर्ने रु५०९१९८।

<table><tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr><tr><td>२०.१</td><td>सबिना अर्याल</td><td>५,०९,१९८</td></tr></table></td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>ढुंगा गिटी वालुवाको ठेक्कावाट आम्दानीः ठेक्का०१।राजस्वा।किस्पाङ्गा।२०७८।७९ को लागि ढुंगा गिटी वालुवा, ग्राभेल तथा नदीजन्य सामाग्रीको ठेक्का लगाउने प्रयोजनार्थ सलाखु र त्रिशुली नदी किनारवाट वार्षिक ३ लाख क्यू.फिट तथा गांउपालिकामा निर्माणाधिन योजना आयोजनाहरुले उत्खननर गरी प्रयोग गर्ने निर्माणजन्य सामाग्री वार्षिक ४ लाख ७० हजार क्यू फिट गरी ७ लाख ७० हजार परिमाणको प्रति क्यू फिट रु.९ को दरले रु. २०७८।०८।२६ प्रथम पटक निकालिएको सुचनामा रु.७१,३०,०००।०० निकाल्न सक्ने तोकिएकोमा कुनै ठेक्का नलागेकोमा दोश्रो सुचना मिति २०७८।१०।२३ रु. १५ लाख घटाएर ४३ लाख ७५ लाखमा प्रशुन निर्माण सेवासंग ठेक्का मिति २०७८।१२।०२ सम्झौता गरेको छ । ठेक्का नलागेको अवधिमा रु. १५ लाख अमानतवाट असुल गरेको जनाएको छ । पालिकाले ठेक्का व्यवस्थापन कार्य अन्तिम चौमासिकमा गरेको कारणले वार्षिक उठ्ने राजस्वमा नोक्सानी भएको छ, तसर्थ पालिकाले प्राकृतिक स्रोत साधनको उपयोगमा कर लगाउन प्रथम चौमासिकमै ठेक्का व्यवस्थापन गर्ने र आ.ई.ईले तोकेको वार्षिक परिमाणलाई आधार मानेर समयमै ठेक्का लगाउन पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>राजस्व लक्ष तथा असुली

राजस्व लक्ष्य तथा असुलीः पालिकाले यस वर्ष विभिन्न शीर्षकमा निम्न वमोजिम १ करोड ६० लाख राजस्व असुली गर्ने लक्ष्य राखेकोमा जम्मा रु. १ करोड ५६ लाख मात्र राजस्व असुली गरेको छ । लक्ष्य अनुसार राजस्व असुली भएको पाईएन न्यून राजस्व असुली भएका शीर्षकमा पालिकाले ध्यान दिई राजस्वको दायरा वढाउने तर्फ अग्रसरता देखाउनुपर्दछ ।<table><tr><td>सि.नं.</td><td>आम्दानी शीर्षक</td><td>अनुमान</td><td>आषाढ सम्मको</td><td>प्रगति प्रतिशत</td></tr><tr><td>१</td><td>भुमिकर/मालपोत</td><td>१३०००००</td><td>६५६५७९</td><td>०.५१</td></tr><tr><td>२</td><td>घरवहाल कर</td><td>५०००००</td><td>१०८२२१</td><td>०.२१</td></tr><tr><td>३</td><td>वहाल विटौरी कर</td><td>५००००</td><td></td><td>0</td></tr><tr><td>४</td><td>सवारी साधन कर (साना सवारी)</td><td>५००००</td><td></td><td>0</td></tr><tr><td>५</td><td>अखेटोपहारमा लाग्ने कर</td><td>२०००००</td><td></td><td>0</td></tr><tr><td>६</td><td>पदयात्रा शुल्क</td><td>५००००</td><td></td><td>0</td></tr><tr><td>७</td><td>अन्य सेवा शुल्क तथा बिक्री</td><td>१००००००</td><td>३८०७४००</td><td>३.८१</td></tr><tr><td>८</td><td>पार्किङ्ग शुल्क</td><td>५००००</td><td></td><td>0</td></tr><tr><td>९</td><td>नक्सापास दस्तुर</td><td>५०००००</td><td>२७२४२०</td><td>५४</td></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०</td><td>अन्य दस्तुर</td><td>५००००</td><td>२८५००००</td><td>५७</td></tr>
<tr><td>११</td><td>व्यावसाय रजिष्ट्रेशन दस्तुर</td><td>१००००००</td><td>३१०७५०</td><td>३१</td></tr>
<tr><td>१२</td><td>अन्य क्षेत्रको आय</td><td>११२५००००</td><td>७६५६८५३</td><td>६८</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१६००००००</td><td>१५६६२२२३</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>राजस्व घटी दाखिला गरेकोः स्थानीय तहको आर्थिक ऐन वा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दशप्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दशप्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागिय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था भएकोमा गांउपालिकाले दहत्तरवहत्तरको अमानतवाट असुल (प्रशुन निर्माण सामाग्री) ठेक्का व्यवस्थापन नभएको समयसम्मको लागि कर्मचारीमार्फत असुल भएको रु. ७१८९९५।०० हालसम्म वैंक दाखिला नगरेकोले उक्त रकम १० प्रतिशत व्याज सहित असुल गरि दाखिला गर्नुपर्ने रु.</td><td>७१८,९९५</td></tr>
<tr><td>२४</td><td></td><td></td><td>करको दायरा विस्तारः

व्यवसाय कर – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनू पर्ने व्यवस्था रहेको छ ।यस वर्ष गाउँपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै कर संकलन गरेको छैन । गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन ।तसर्थ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ।
मनोरन्जन करः स्थानीय सरकार सञ्चालन ऐन २०७५ को दफा ६४ मा सिनेमा भिडियो हल साँस्कतिक प्रर्दशनहल तथा ऐतिहासिक स्थलको प्रवेश शूल्कमा ५ प्रतिशतका दरले मनोरन्जन कर उठाउन पाउने व्यवस्था रहेको छ । गाउँपालिकाले हालसम्म उक्त शिर्षकमा कुनै पनि रकम उठाएको पाइएन । गाउँपालिकाको क्षेत्रभित्र रहेका यस्ता किसिमका मनोरन्जन स्थलको अभिलेख राख्ने गरेको छैन । तसर्थ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण मनोरन्जन स्थलको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>आर्थिक सहायताः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले आर्थिक सहायता प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.९०००००।०० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>करकट्टी नगरेकोः आयकर ऐन,२०५८ को दफा ८८ र ८९ बमोजिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भौचरबाट भुक्तानी दिदाँ कर कट्टी नगरी भुक्तानी दिएको पाइयो । देहाय बमोजिम कर कट्टि नगरेको रकम असुल गरी सम्बन्धित राजश्व खातामा दाखिला हुनुपर्ने रु

<table>
<tr><th>भौचर नं</th><th>भुक्तानी</th><th>वापत</th><th>रकम</th><th>कर</th><th>कैफियत</th></tr>
<tr><td>३२</td><td>फिकुरी बहुमुखी क्याम्पस</td><td>कक्षा लिएको तथा भत्ता</td><td>७०००००</td><td>७०००</td><td>सा सु कर</td></tr>
<tr><td>२९९</td><td>हरि प्र प्याकुरेल</td><td>सभा बैठक भत्ता</td><td>६४०००</td><td>९६००</td><td>पारिश्रमिक कर आन्तरिक राजश्व खाताम ा दाखिला गरेकोले संघियमा राख्नुपर्ने</td></tr>
</table>
</td><td>१६,६००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>१६५००</td><td></td></tr></table>
मिति २०७९-८-१९ मा चक्र ब शाही को रु ३३९००।०० सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>वढी भुक्तानी: मिति २०७९-८-१९ मा चक्र ब साउद को १०७१०.०० सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको</td><td>०</td></tr>
<tr><td>२८</td><td></td><td></td><td>औषधि खरिद:पालिकाले २०७९/१२/११ मा भौचर न. १०१ र १०४ बाट रु १३८३४३९ को विभिन्न औषधि खरिद गरेको छ। यसरि आधारभुत तथा आकस्मिक सेवाका लागि चाहिने अतिआवश्यक निशुल्क औषधिहरु समयमै खरिद गरि यसको उपलब्धता सुनिश्चत गर्नुपर्ने देखिन्छ। यसरी आपूर्ति हुने औषधि WHO सटिफाईट हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त हुने मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा कतिपय औषधिमा निशुल्क वितरणको छाप नलगाएको देखिएकोले पालिकाले यस्ता स्यास्थ्यसँग सम्बन्धीत औषधि खरिद र वितरण प्रक्रियालाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>पारिश्रमिक कर कट्टि

आयकर ऐन २०५८ को दफा ८७/८८ र आर्थिक ऐन २०७८ बमोजिम वार्षिक रुपमा करको सिमा निर्धारण गरेबमोजिम यस पालिकाका स्यास्थ्य शाँखाका ५ जना कर्मचारीहरु करको दायरा भित्र रहेको देखिन्छ। तर पालिकाले उक्त कर्मचारीलाई कर नकाटी भुक्तानी दिएकोले देहायका कर्मचारीहरुको वार्षिक आयमा ऐन बमोज कर कट्टि गर्नुपर्ने रकम दाखिला गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिन्छ।<table>
<tr><td>क्र. स</td><td>पद</td><td>कर्मचारिको नाम</td><td>तिर्नुपर्ने रकम</td></tr>
<tr><td>१</td><td>हे.अ</td><td>चक्र बहादुर शाहि</td><td>१२६४४</td></tr>
<tr><td>२</td><td>अ हेव पाचौ</td><td>विष्णु प्रसाद नेपाल</td><td>५३८४</td></tr>
<tr><td>३</td><td>अन मी पाचौ</td><td>रञ्जनादेवी भट्ट</td><td>५३८४</td></tr>
<tr><td>४</td><td>अ.न.मि पाचौ</td><td>तुलसी भट्ट</td><td>५३८४</td></tr>
<tr><td>५</td><td>अ.न.मि पाचौ</td><td>गोमादेवी भट्ट</td><td>५३८४</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३४१८०</td></tr>
</table></td><td>३४,१८०</td></tr>
<tr><td>३०</td><td></td><td></td><td>छात्रवृत्ति रकम

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ अनुसार सार्वजनिक विद्यालयमा अध्ययनरत कक्षा १ देखि ८ सम्मका छात्रा र दलित विद्यार्थिहरुलाई छात्रवृति दिने व्यवस्था छ। पालिकाले भौचर न. ८४ बाट रु ३८६००० निकासा गरेको तर छात्रावृत्ति वितरण गरेको भरपाई नभएकोले पलिकाले स्पष्ट प्रमाण पेश गर्नुपर्ने देखिन्छ।</td><td>३८६,०००</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>सट्टा शिक्षक</td><td>५२७,८७०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पालिकाको शिक्षा शाखामा २ पदमा पदपूर्ति रहेको देखिन्छ । पालिकाले यस वर्ष ज्ञानज्योति मा.वि.मा कर्यरत शिक्षक श्री निरमान डंगोल लाई शिक्षा संयोजकको रुपमा कार्य गरेको भनि निजको सट्टामा इरोज नेपाललाई नियुक्त गरि पालिकाले आन्तरिक स्रोतबाट वार्षिक रु ५२७८७० रकम भुक्तानी दिएको देखिन्छ जसले राज्यलाई थप व्ययभार परेकोले यसलाई नियमित गरि सट्टा शिक्षक कटौति गर्नुपर्ने देखिन्छ ।	
३२			**बालसहयोगी सहजकर्ता** प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्युनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को प्रथम संशोधन २०७५ बमोजिम न्युनतम विद्यार्थि संङ्या २५ जना सम्म १ जना र २५ जना भन्दा माथि भएमा थप बालविकास सहयोगी कार्यकर्ता (ECD) राख्नपाउने व्यवस्था छ। तर यस पालिका अनतरगत सञ्चालित देहायका विद्यालयले नियमविपरीत सहयोगी कार्यकर्ता राखेकोले राज्यलाई थप व्ययभार पर्ने देखिएकोले नियमित गर्नुपर्ने रु…..	२५४,०००

विद्यालयको नाम	विद्यार्थि संङ्या	बढि ECD संङ्या	रकम
पंचलिंगे मावि	१४	१	१२७०००
साल्मे मावि	१२	१	१२७०००
जम्मा (१३ महिनाको तलब र लुगा भत्ता सहित)			२५४०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३३			**प्रधानमन्त्री रोजगार कार्यक्रम**:स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ। कामका लागि पारिरश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को सि न ४ अनुसार श्रम मुलक आयोजना छनाेट गर्दा स्थानिय तहको बार्षिक योजना तर्जुमाका सवै चरण पुरा गरि आयोजना वैंक तयार गरि सोहि आयोजना वैंक अनुसार प्राथमिकतामा क्रममा रहेका वेरोजगार व्यक्तिको आधारमा कार्यपालिकाको योजना सञ्चालन गर्नु पर्ने हुन्छ। तर गा पा मा वडाबाट योजना माग गरि त्यसका आधारमा कार्यक्रम सञ्चालन गरेको पाइयो। पालिका अन्तर्गतका ६ वटा वडामा सञ्चालन भएका आयोजना निम्नानुसार छन् ।	

सि नं	कार्यक्रम	संख्या	खर्च रकम रु
१	गोरेटो बाटो निर्माण तथा मर्मत	१२	७८६८९००।
२	सडक कच्ची नाली निर्माण तथा सोलिङ्	४	१८३६५९१।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>चियाको विरुवा गोडमेल</td><td>१</td><td>३४६२००।</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१७</td><td>१००५१६९१।</td></tr>
</table>
प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गा पा मा यस आ व मा रु १८५५३०००। रकम संघिय शसर्त बाट निकाशा भएकोमा रु ११३५६६९१। करिव ६१.२१ प्रतिशत खर्च भएको छ र बाकि रु ७१९६३८१। देखिन्छ। यसमा खर्च भएको पूजिँगत तर्फ रु १००५१६९१। रकम रोजगार उपभोक्ता समितिमार्फत श्रममुलक कार्यमा खर्च भएको देखिन्छ। यस कार्यक्रम का लागि स्थानीय तहभित्रका वडाहरुमा सडक मर्मत लगायतका कार्यक्रम सञ्चालन गर्न दर्ता गरिएका बेरोजगार संख्या १३०३ जना मध्ये यस वर्ष १०९ जनालाई रोजगारी प्रदान गरिएको देखिन्छ। कार्यक्रम सञ्चालन निर्देशिका को सि. नं. ५ अनुसार प्रथमिकतामा रहेका व्यक्तिलाई १०० दिनको रोजगारीमा खटाउनु पर्ने व्यवस्ता भए अनुसार प्रतिव्यक्ती अधिकतम १०० दिन र न्युनतम ८३ दिन औषत ९१ दिन रहेको देखियो।
</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>
प्रधानमन्त्री रोजगार कार्यक्रममा फरक शिर्षक पारी भुक्तानी

यस कार्यक्रम अन्तर्गत युवा रोजगारीकालागि रुपान्तरणकारी पहल युवा रुप र कामकालागि पारिश्रमिक अनुदान मार्फत आयोजनाका लागि रकम प्राप्त र खर्च भएको छ। यस कार्यक्रमरु रोजगारीकका लागि रुपान्तरणकारी पहल युवा रुप कार्यक्रममा भुक्तानी हुनुपर्नेमा कामकालागि पारिश्रमिक अन्तर्गत भुक्तानि भएकाले निम्न रकम फरक शिर्षक पारि भुक्तानी भएको नियमित गर्नु पर्ने देखियो।
<table>
<tr><td>योजना</td><td>रकम</td></tr>
<tr><td>डङचेत कर्सेपा खर्सेपा गोरेटो सुधार लाइ भुक्तानी</td><td>३४६२००।</td></tr>
<tr><td>विसाङ ठुलोगाउँ सज्यु गोरेटो सुधार आयोजना श्रमिकलाइ भुक्तानी</td><td>४,०३,९१०।</td></tr>
<tr><td>आर्वा पञ्चलिङगे डावाचेत हुदै ऐसेलु सम्म श्रमीकहरुलाइ भुक्तानी</td><td>७,५०,१००।</td></tr>
<tr><td>जम्मा</td><td>१५००२१०।</td></tr>
</table>
</td><td>१,५००,२१०</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>
शिक्षण सिकाई अनुदान

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ अनुसार विद्यालयमा प्रति विद्यार्थि लागतका आधारमा शिक्षण सिकाई सामाग्री शिर्षकमा अनुदान दिने व्यवस्था छ। उक्त व्यवस्थाबमोजिम पालिकाले भौचर न. २६७ बाट विभिन्न विद्यालयलाई रु ९८७००० रकम भुक्तानी गरेको देखिन्छ र यसको सोहि प्रयोजनमा लागि खर्च भयो भएन कुनै प्रतिवेदन नभएको र स्थानीय तहले सिकाई सामाग्रीको प्रभावकारी रुपमा प्रयोगका लागि नियमित अनुगमन गर्नुपर्ने तर कुनै अनुगमन नगरेको देखिन्छ त्यसैले स्थानीय तहले अनुगमनका मापदण्ड बनाई प्रभावकारी अनुगमन गरि रकमको सुनिश्चितता गर्नुपर्ने देखिन्छ।
</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>नमुना विद्यालयको शैक्षिक सुधार अनुदान</td><td>१,०००,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पढ्दै कमाउदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ अनुसार केन्द्रबाटै छनौट भएका विद्यालयलाई शैक्षिक सुधार गर्ने प्रयोजनमा अनुदान दिने व्यवस्था छ। सोहिअनुसार श्री ऐसेलु भुमे मावि लाई १० लाख भुक्तानी भएको देखिन्छ र सो विद्यालयको कार्यसम्पादन प्रतिवेदन, दाखिला रिपोर्ट नभएको र स्थानीयले पनि यस कार्यको अनुगमन नगरेको ले यसको प्रमाण पेश गर्नुपर्ने देखिन्छ।	
३७			**सामुदायिक सिकाई केन्द्र अनुदान** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ अनुसार सामुदायिक सिकाई केन्द्रको सञ्चाल अनुदान दिने व्यवस्था छ। पालिकाले यसरि सञ्चालनमा रहेका ५ केन्द्रलाई हाजिँरी प्रमाण को आधारमा बार्षिक रु ४८०००० भुक्तानी दिएको छ यसरि भुक्तानी दिदा स्थानीय ले स्थलगत निरिक्षण गरी बार्षिक साधरण सभा भएको, विधान बमोजिम पदाधिकारीको निर्वाचन भएको, साधरण सभाबाट बजेट र कार्यक्रम पास भएको र लेखापरिक्षण गरि प्रतिवेदन पास भएको जस्ता मापदण्ड पुरा गरेको यकिन गर्नु पर्ने तर पालिकाले यसको यकिन नगरि रकम भुक्तानी दिएको देखिन्छ त्यसैले यसको प्रभावकारिता र उपादेयता के छ यि केन्द्रलाई कसरि उद्धेश्यमुलक बनाउन सकिन्छ भन्ने कुरामा अनुगमन गरि पालिकाले यि केन्द्रलाई प्रभावकारी बनाउनु पर्दछ।	
३८			**तलबी प्रतिवेदन पारित नभएको** निजामती सेवा ऐन २०४९, तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ बमोजिम सबै सरकारी विद्यालयमा कार्यारत स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन शिक्षा विकास तथा समन्यय इकाईमार्फत विद्यालय शिक्षक किताबखानाबाट पारीत गरी तलब खुवाउने व्यवस्था छ। तर यस गाउँपालिका अन्तर्गतका कुनै पनि विद्यालयले तलवी प्रतिवेदन पारित नगरी तलब निकासा गरेको छ जसले गर्दा रु ५४३७३०२३ बराबरको तलब र ग्रेड रकम यकिन गर्न सकिएन।	
३९			**ICT LAB अनुदान सम्बन्धमा** केन्द्रबाटै छनौट भएका विद्यालयलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ICT प्रयोगमा रु ६५०००० दिने व्यवस्था बमोजिम पालिकाले ऐसेलु भुमे मावि लाई रु ६५०००० भुक्तानी दिएको छ जसमा रु ४३६१५९ को फोटोकपि विल पेश भएकोले यसको ओर्जिनल विल पेश गर्नुपर्ने गर्नुपर्ने	४३६,१५९.६६
४०			**सेनिटरी प्याड** क. सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार प्रत्येक सामुदायीक विद्यालयका छात्रालाई निशुल्क सेनिटरी प्याड दिने व्यवस्था छ। पालिकाले सेनिटरी प्याड मिति २०७९/३/२१ मा भौचर न. ३२२ बाट ४७०० प्याकेट २४०mm को र मिति २०७९/३/२४ मा भौचर न. ३२८ बाट ४७०० प्याकेट २८०mm को प्रति प्याकेट ८० रुपिया का दरले गितास्विनि प्रोमेड बाट रु ८४९७६० मा खरिद गरेको देखिन्छ यसरी फरक गुणस्तरको प्याड एउटै दरमा खरिद गरेको र lab test पनि गरेको देखिदैन जसले गर्दा एउटै दरमा फरक गुणस्तरको प्याड देखिएकोले पालिकाले सबै प्याड २८०mm कै किन्नुपर्ने देखिन्छ तर पालिकाले एउटै दरमा फरक गुणस्तरको सामान खरिद गर्नु नियमसंगत देखिएन। ख. स्यास्थ्यसँग संवेदनशिल विषयमा वर्षको अन्त्यमा खरिद गर्नु औचित्यपूर्ण नदेखिएकोले पालिकाले यस्ता विषयको खरिद प्रक्रियालाई नियन्त्रण गर्नुपर्ने देखिन्छ। ग. पालिकाले आ.व. २०७८/७९ सालमा सामुदायिक विद्यालयका छात्राहरुलाई वितरण गर्नुपर्ने प्याड २०७९ को असारमा ९४०० प्याकेट खरिद गरेको र ९४०० प्याकेट नै स्टक रहेको छ। यसरि लाभान्वीत वर्गले समयमै नपाउदा छात्राहरु सुविधाबाट वञ्चित भएको देखिन्छ त्यसैले पालिकाले स्यानिटरी प्याडको खरिद समयमै गरि वितरण प्रक्रियालाई प्रभावकारि बनाउनु पर्ने देखिन्छ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४१			**तलबी प्रतिवेदन पारित नभएको** निजामती सेवा ऐन २०४९, अनुसार प्रत्येक स्वास्थ्य सेवा मा कार्यरत कर्मचारीहरुको जिल्लास्थित कोष तथा लेखा नियन्त्रण कार्यालयबाट तलबी प्रतिवेदन पारित गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले प्रतिवेदन पारित नगरि तलव खुवाईरहेको देखियो जसले गर्दा रु २०८७००० बराबरको ग्रेड रकम र तलब यकिन गर्न सकिएन।	
४२			**पारिश्रमिक कर कट्टि** आयकर ऐन २०५८ को दफा ८७/८८ र आर्थिक ऐन २०७८ बमोजिम वार्षिक रुपमा करको सिमा निर्धारण गरेको छ जसअनुसार पालिकामा कार्यरत शिक्षा संयोजक निरनमान डंगोलको वार्षिक आय करको दायरा भित्र रहेको देखिन्छ। तर पालिकाले पारिश्रमिक कर नकाटी भुक्तानी दिएको देखिएकोले ऐन बमोजिम जम्मा आयमा कट्टि हुनुपर्ने रकम घटाई रु २५०४३ पारिश्रमिक कर लाग्ने देखिन्छ यसरी नियमानुसार लाग्ने कर दाखिला गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु	२५,०४३
४३			**गरिवी निवारणकालागि लघुउद्यम विकास कार्यक्रम:** यस कार्यक्रममा शसर्त अनुदान रु ३४०००००। प्राप्त भएकोमा खर्च रु २२५६००० खर्च भएको देखियो। गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम निर्देशिका २०७७ को दफा ४१ को २ मा प्रविधि सहयोग हस्तान्तरण शिर्षकमा न्युनतम २० प्रतिशत लागत सहभागिता हुनुपर्ने व्यवस्था छ। यस कार्यक्रममा रु ३४२००० खर्च गरेकोमा लगत सहभागिता भएको देखिएन। नियमित गर्नुपर्ने।	४८,४००
४४			**पालिका भवन उद्घाटन** पालिकाले खर्च गर्दा मितव्ययी रुपमा गर्नुपर्दछ। पालिका भवन उदघाटन सम्माननीय प्रधानमन्त्री श्री शेर बहादुर देउवाबाट हुदाँ देहाय बमोजिम खर्च भएको पाइयो। पालिका भवन उदघाटन गर्दा ठुलो मात्रामा अनुत्पादन खर्च गर्नुभन्दा पनि पालिकाले विकास निर्माण,जनताको जीवनस्तर सुधार जस्ता कार्यमा खर्च गरी यस्ता खर्चमा कटौती गर्नुपर्दछ।	

भौचर नं	वापत	रकम
२२९	लड्डू तथा खादा लगायत	१३०२००
१४१	फ्लेक्स तथा स्वागत गेट	१३५६६५
२५१	पन्चेवाजा	३५०००
२५६	बस भाडामा लिएको	३३०००
२५७	खाजा तथा खाद्यान्न	१००३९०
२५८	बस भाडामा लिएको	१०५५५०
२५९	फुल तथा स्टेज निर्माण	३५५३५
२६१	बस भाडामा लिएको	१६८००
२८२	सुविधा क्याटरिङबाट मिनरल वाटर	३०९००
२८४	स्टेज सजाउने	६३००
३२०	शुभकामना क्याटरिङ	१४०२०४७
३२३	होटल वास होटल रोयलइन	६३४०९

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३२७</td><td>स्वागत गेट</td><td>९०३४०</td></tr>
<tr><td>३९०</td><td>गाडी भाडा</td><td>१४०००</td></tr>
<tr><td>४०६</td><td>शुभकामना क्याटरिङ</td><td>२००००</td></tr>
<tr><td>४७२</td><td>विभिन्न कार्यक्रम खर्च</td><td>२२४०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२४४३१३६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>
कार्यसम्पन्न प्रतिवेदन

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा निर्माण कार्य सम्पन्न भए पश्चात कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भौचरबाट पाइप तथा जाली खरिद गरी विभिन्न आपूर्तकलाई भुक्तानी दिएको पाइयो । उक्त पाइप तथा जालीहरु कुन कुन आयोजनामा जडाँन भयो सो को नापी तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु
<table>
<tr><td>भौ न</td><td>आपूर्तक</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>३२२</td><td>शिवम इन्टरप्राइजेज</td><td>विभिन्न साइजका ५१३५ मिटर HDPE पाइप</td><td>४७७३२८</td></tr>
<tr><td>३२४</td><td>बागमती सप्लायर्स</td><td>८० थान ग्याविन बक्स</td><td>१७०२९१</td></tr>
<tr><td>२६६</td><td>सुलक्षण जनरल</td><td>३८६४ मिटर HDPE पाइप</td><td>४७३३३९</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>११२०९५८</td></tr>
</table>
</td><td>१,१२०,९५८</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>
सवारी भाडा

बाग्मती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ को पहिलो संसोधन समेतको दफा ३ क (१) मा स्थानीय तहका पदाधिकारी हरुले अनुसूची १ मा उल्लेख भएका सुविधा मात्र पाउने उल्लेख छ । साथै सोही ऐनको दफा १२ ले पदाधिकारी सदस्य तथा सभाका सदस्यको लागि कुनै सुविधा निर्धारण गर्नु पर्दा यस ऐनमा तोकिएको सुविधालाई अधिकतम मानेर आफ्नो अधिकार क्षेत्रभित्र रहेर आन्तरिक श्रोत तथा क्षमताका आधारमा निर्धारण गर्न सक्ने व्यवस्था रहेको छ । अनुसूची १ मा उल्लेख भए बमोजिम गाउँपालिका अध्यक्षले यातायात खर्च वापत मासिक रु १००००।०० गरी वार्षिक रु १२००००।०० र उपाध्यक्षले यातायात खर्च वापत मासिक रु १००००।०० गरी वार्षिक रु १२००००।०० सुविधा पाउने उल्लेख छ । तर पालिकाले गाउँपालिका अध्यक्ष र उपाध्यक्षको यातायात प्रयोजनका लागि सम्झौतामा गाडी भाडामा लिई यो वर्ष रु २० लाख ८१ हजार खर्च लेखेको छ । बाग्मती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ को पहिलो संसोधन समेतमा उल्लेख भएको सिमाभन्दा बढी हुने गरी गाउँपालिका अध्यक्ष र उपाध्यक्षको यातायात प्रयोजनको लागि रु १८४१०००।०० बढी खर्च लेखिएकोले पालिकालाई थप व्ययभार देखिएको छ ।
</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>
कागजात पेश

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्च गर्दा खर्चका विल भर्पाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायका भौचरबाट दिएको भुक्तानीमा कैफियतमा उल्लेख भएका कागजातहरु संलग्न नराखी भुक्तानी दिएको पाइयो । कैफियत अनुसारका कागजातहरु पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु
</td><td>४७३,४२२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौचर नं</td><td>वापत</td><td>भुक्तानी</td><td>रकम</td><td>कैफियत</td></tr>
<tr><td>३८५</td><td>दिर्घ रोगिलाई औषधी वितरण</td><td>सापकोटा मेडिकल हल</td><td>१५६९७२</td><td>कहाँ कस्लाई वितरण भयो</td></tr>
<tr><td>४८७</td><td></td><td>सोनासिंह लोप्चन</td><td>१७०००</td><td>भौचर र कागजात नभएको</td></tr>
<tr><td>१३६</td><td>LED Board</td><td>न्यु आचार्य इन्टरप्राइजेज</td><td>२९९४५०</td><td>फोटोकपी विल पेश भएको सक्कल विल पेश हुनुपर्ने</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td></td></tr>
</table>
मिति २०७९-८-१९ मा निरमान डंगोल को ४८७८०.०० सम्परीक्षण मनासिब देखि फर्स्यौट गरिएको
</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>
सोझै खरिद
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा चैत्रसम्म रु ५ लाखसम्म र चैत्र भन्दा पछि रु. १० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ। पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको नियमसम्मत देखिएन। पालिकाले प्रतिस्पर्धात्मक विधि अपनाई खरिद गर्नुपर्दछ।
<table>
<tr><td>भौ न/मिति</td><td>आपूर्तक</td><td>वापत</td><td>रकम</td></tr>
<tr><td>प्रदेश तर्फ</td><td></td><td></td><td>०</td></tr>
<tr><td>३४।२०७९।३।२५</td><td>मिसन सप्लायर्स</td><td>व्याग छाता रेनकोट</td><td>२९४५३४</td></tr>
<tr><td>३३</td><td>नुवाकोट स्टिल फर्निचर</td><td>फर्निचर</td><td>१७४०००</td></tr>
<tr><td>३०</td><td>नुवाकोट स्टिल फर्निचर</td><td>फोटोकपी मेसिन लगायत</td><td>३७७८२</td></tr>
<tr><td>२९</td><td>कालिका जनरल सप्लायर्स</td><td>स्टेशनरी</td><td>२८३१०</td></tr>
<tr><td>१६र १७।२०७९।३।१६</td><td>युनिभर्सल इन्सटिच्युट अफ कम्प्युठर साइन्स</td><td>डेक्सटप</td><td>१८२८५६</td></tr>
<tr><td>१९।२०७९।३।२४</td><td>कालिका जनरल सप्लायर्स</td><td>कार्यालय सामान</td><td>१०२६००</td></tr>
<tr><td>१८।२०७९।३।२४</td><td>कालिका जनरल सप्लायर्स</td><td>कार्यालय सामान</td><td>८९२७०</td></tr>
<tr><td>१७।२०७९।३।१४</td><td>कालिका जनरल सप्लायर्स</td><td>कार्यालय सामान</td><td>२३४२१५</td></tr>
<tr><td>१५।२०७९।३।१४</td><td>ईन्फर्मेसन टेक्नोलोजि स्टोरु प्रालि</td><td>ल्यापटप</td><td>२३२७८०</td></tr>
<tr><td>गा पा पूँजीगत तर्फ</td><td></td><td></td><td>०</td></tr>
<tr><td>१६५।२०७८।१२।२३</td><td>बोगटी टि भि सेन्टर</td><td>टिभि तथा भ्याकुम</td><td>१२४४८५</td></tr>
<tr><td>१६४।२०७८।१२।२३</td><td>त्रिशुली फर्निचर</td><td>तन्ना टेवुल गलैचा</td><td>२४९६७४</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			१३८।२०७८।१२।१७ — त्रिशुली फर्निचर — डोरम्याट पर्दा — ४०८७७७ १३७।२०७८।१२।१७ — त्रिशुली फर्निचर — कार्पेट लगायत — ४९९७४२ १३६।२०७८।१०।१७ — न्यु आचार्य इन्टरप्राइजेज — LED Board — २९९४५० ३१६ र ३१८ ।२०७९।३।२४ — तृषा फ्लोरिङ एण्ड फर्निसिङ — फर्निचर — ५६८०८८ २३९।२०७८।१।२२ — आइद घले(बडा अध्यक्षको नाममा भुक्तानी) — प्रहरी चौकीमा फर्निचर — २७१००० जम्मा — ३७९७५६३	
४९			**प्रशासकिय भवन ठेक्का:** वि.ओ.क्यू भन्दा वढी परिमाणमा भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले खरिद सम्झौता अनुसार रनिङ्ग विल वा अन्य विलको भुक्तानी गर्दा(ठेक्का नं. ०५।किस्पाङ्।प्रशासकिय भवन।७७।७८) निर्माण कार्यका लागि करारका शर्त वमोजिम प्राविधिक नापजांच गरी नापी कितावमा उल्लेख भएको वासतविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले सारभूत रुपमा प्रभावग्राही भएको कवोल अंक रु. ४५६०५५०२.२० निर्माण व्यवसायी सूर्यचन्द्र कन्सट्रक्सन प्रा.लि संग ठेकका सम्झौता भई चौथो तथा अन्तिम विल विभिन्न मितिमा भुक्तानी गर्दा स्वीकृत वि.ओ.क्यू भन्दा वढी परिमाणले भुक्तानी गरेको तर ती वढेका आईटममा भेरियसन आदेश समेत जारी गरेको देखिएन । तसर्थ नियमावलीमा भएको व्यवस्था वमोजिम भेरियसन आदेश जारी गरी भुक्तानी दिने प्रकृयालाई पालिकाले सुधार गर्नुपर्दछ ।	
५०			**वि ओ क्यूभन्दा वढी भुक्तानी: ठेक्का ०४।किस्पाङ्।किर्नेवगर साल्मी रोड।७८।७९)**	

१३८।२०७८।१२।१७	त्रिशुली फर्निचर	डोरम्याट पर्दा	४०८७७७
१३७।२०७८।१२।१७	त्रिशुली फर्निचर	कार्पेट लगायत	४९९७४२
१३६।२०७८।१०।१७	न्यु आचार्य इन्टरप्राइजेज	LED Board	२९९४५०
३१६ र ३१८ ।२०७९।३।२४	तृषा फ्लोरिङ एण्ड फर्निसिङ	फर्निचर	५६८०८८
२३९।२०७८।१।२२	आइद घले(बडा अध्यक्षको नाममा भुक्तानी)	प्रहरी चौकीमा फर्निचर	२७१०००
	जम्मा		३७९७५६३

आईटम	कामको विवरण	ईकाई	वि.ओ क्यु	भुक्तानी परिमाण	दर	रकम
५	एक्जाभेसन वर्क	क्यू.फि	२११३९.९५	२५३०८.९३	५	२०८४४.९
६	एक्जाभेसन वर्क व्याक	क्यू.फि	१८०८५.४६	२१२६०.७२	५	१५८७६.३
९	स्टोन मेशनरी वर्क	क्यू.फि	१२१७४	१३३४२.४२	१७०	१९८६३१.४
१३	पि.सि.सि वर्क	क्यू.फि	१७८५८	२०७०२	३६०	१०२३८१४.८
१५	स्टील वर्क	क्यू.फि	२२५०१	२८०१०	४५	२४७९२७
२५	पेण्ट वर्क	स्वा.फिट	२६४४०	३१२३२	२५	११९८१५
२९	सिमेण्ट वर्क	स्वा.फिट	१५१८३.८१	१६६२१.१२	२०	२८७४६.२
३०	प्रोभाईडिङ् एण्ड ले वाथरुम	स्वा.फिट	२३५६.४३	२५९६.२२	२००	४७९५८
३५	मेस वायर	स्का फिट	२०९९.२	२४४२.१४	६५०	२२२९११
३७	ईण्टरलकिङ व्लक	स्का फिट	४५००	४८४२.५४	१४०	४७९५५.६
जम्मा						१९७४४८०.२
मू.अकर						२५६६८२.४३
कूल जम्मा						२२३११६२.६८

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
वि.ओ.क्यू भन्दा वढी परिमाणमा भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले खरिद सम्झौता अनुसार रनिङ्ग विल वा अन्य विलको भुक्तानी गर्दा(ठेक्का नं. ०४।किस्पाङ्।किर्नेवगर साल्मी रोड।७८।७९) निर्माण कार्यका लागि करारका शर्त वमोजिम प्राविधिक नापजांच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले सारभूत रुपमा प्रभावग्राही भएको कवोल अंक रु. निर्माण व्यवसायी शुभलक्ष्मी ड्रागन निर्माण सेवा प्रा.लि संग ठेकका सम्झौता भई दोश्रो तथा अन्तिम विल विभिन्न मितिमा भुक्तानी गर्दा स्वीकृत वि.ओ.क्यू भन्दा वढी परिमाणले भुक्तानी गरेको तर ती वढेका आईटममा भेरियसन आदेश समेत जारी गरेको देखिएन। नियमावलीको व्यवस्था वमोजिम भेरियसन आदेश जारी गरी भुक्तानी दिने प्रकृयालाई पालिकाले सुधार गर्नुपर्दछ।
<table>
<tr><th>आईटम</th><th>कामको विवरण</th><th>ईकाई</th><th>वि.ओ क्यु</th><th>भुक्तानी परिमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>९</td><td>स्टोन मेशनरी वर्क</td><td>घ.मी</td><td>८९.६२</td><td>४४००</td><td>१३७.६२</td><td>५९३१९५</td></tr>
<tr><td>१०</td><td>मेसवायर वर्क</td><td>स्का मि</td><td>६३४.५</td><td>३१००</td><td>६४७.१</td><td>१५९५४२५</td></tr>
<tr><td colspan="6">मू.अकर</td><td></td></tr>
<tr><td colspan="6">कूल जम्मा</td><td>२१८८६२०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>
वि ओ क्यु भन्दा वढी भुक्तानीः

वि.ओ.क्यू भन्दा वढी परिमाणमा भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले खरिद सम्झौता अनुसार रनिङ्ग विल वा अन्य विलको भुक्तानी गर्दा(ठेक्का नं. ०४।किस्पाङ्।पर्यटकीय पूर्वाधार योजना।७८।७९) निर्माण कार्यका लागि करारका शर्त वमोजिम प्राविधिक नापजांच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले सारभूत रुपमा प्रभावग्राही भएको कवोल अंक रु.८०९५९४८.८९ निर्माण व्यवसायी सन्तोषी निर्माण सेवा संग ठेकका सम्झौता भई दोश्रो रनिङ्ग विल सम्मको विभिन्न मितिमा भुक्तानी गर्दा स्वीकृत वि.ओ.क्यू भन्दा वढी परिमाणले भुक्तानी गरेको तर ती वढेका आईटममा भेरियसन आदेश समेत जारी गरेको देखिएन। तसर्थ नियमावलीमा भएको व्यवस्था वमोजिम VO जारी भुक्तानी दिने प्रकृयालाई पालिकाले सुधार गर्नुपर्दछ।
<table>
<tr><th>आईटम</th><th>कामको विवरण</th><th>ईकाई</th><th>वि.ओ क्यु</th><th>भुक्तानी परिमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>१०</td><td>स्टोन मेशनरी वर्क</td><td>स्क्वा</td><td>१८४९७.२१</td><td>१९०६६</td><td>१६८</td><td>९५५५६</td></tr>
<tr><td>१३</td><td>फर्म वर्क</td><td>स्क्वा</td><td>४३१.१६</td><td>१२१८.४९</td><td>४०</td><td>२९८९९</td></tr>
<tr><td>७</td><td>स्टोन पि.सि.सि</td><td>घ.मी</td><td>३५०</td><td>१३३१</td><td>३५०</td><td>३४३३५०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td colspan="2">४३८९०६.६२</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५२</td><td></td><td></td><td>
खर्चमा मितव्ययिता
सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक तथा वितरणमुखि कार्यक्रम प्रयोजनमा रु.८८३८५०।०० खर्च गरेको देखिन्छ।
<table>
<tr><th>भौचर नं</th><th>भुक्तानी</th><th>वापत</th><th>रकम</th></tr>
<tr><td>१७६</td><td>राधाकृष्ण मन्दिर</td><td>सप्ताहा</td><td>२०००००</td></tr>
<tr><td>२०९</td><td>सिङ्ला पर्यटकीय संस्था</td><td>फुटवल कार्यक्रम</td><td>९०९५०</td></tr>
<tr><td>२१२</td><td>समाजसेवा युवा क्लव</td><td>फुटवल कार्यक्रम</td><td>७८०००</td></tr>
<tr><td>२३२</td><td>मनकामना तमु समाज</td><td>तमु ल्होसार मनाउने</td><td>१०२५००</td></tr>
<tr><td>२४९</td><td>ज्येष्ठ नागरिक सम्मान</td><td>हर्लिक्स तथा ज्यकेट वितरण</td><td>२९९९००</td></tr>
<tr><td>३२४</td><td>अर्चले युवा क्लव</td><td>क्लव उदघाटन</td><td>३००००</td></tr>
<tr><td>३४१</td><td>मिलिजुली कृषक समुह</td><td>ल्होसार मनाउन</td><td>५००००</td></tr>
<tr><td>३४२</td><td>जनजाती महिला सामुदायिक</td><td>ल्होसार मनाउन</td><td>३२५००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>८८३८५०</td></tr>
</table>
यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।
</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>
पत्रिकामा छुट
सार्वजनिक निकायले विज्ञापन दिदाँ गोरखापत्र राष्ट्रिय दैनिकमा दिनुपर्ने र गोरखापत्र राष्ट्रिय दैनिकमा विज्ञापन छपाईमा २५ प्रतिशत छुट दिने व्यवस्था छ। पालिकाले विभिन्न मिडिया हाउस मार्फत विज्ञापन छपाई गरी भुक्तानी दिएको छ। केहीमा १० प्रतिशत छुट लिएको छ भने केहीमा १५ प्रतिशत छुट लिएको छ। कम्तिमा २५ प्रतिशत छुट लिनुपर्नेमा घटी छुट लिएको देहायको रकम असुल हुनुपर्ने रु
<table>
<tr><th>भौचर नं</th><th>भुक्तानी</th><th>भुक्तानी</th><th>छुट लिएको</th><th>कम्तिमा छुट लिनुपर्ने</th><th>कम लिएको</th></tr>
<tr><td>१६३</td><td>शुभदिन एडभटाइजिङ प्रालि</td><td>२४२०४६</td><td>२४२०५</td><td>६०५१२</td><td>३६३०७</td></tr>
<tr><td>२६७</td><td>स्मारिका ट्रेडर्स</td><td>११४८७६</td><td>१७२३१</td><td>२८७१९</td><td>११४८८</td></tr>
<tr><td>२६८</td><td>ग्लोवल मिडिया होम</td><td>५७०५४</td><td>८५५८</td><td>१४२६४</td><td>५७०५</td></tr>
<tr><td>५२५</td><td>सुवधिन एडभटाईजिङ मिडिया</td><td>१३०९८९</td><td>१३०९९</td><td>३२७४७</td><td>१९६४८</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>७३१४८</td></tr>
</table>
</td><td>७३,१४८</td></tr>
<tr><td>५४</td><td></td><td></td><td> हेभी इक्विपमेण्टको प्रयोग: </td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>हेभी इक्विपमेण्टको प्रयोगः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभीमेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभीमेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमतिलिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नति सँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभीमेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँकार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन।यसका केही उदाहरणहरु यसप्रकार रहेका छन:
<table>
<tr><th>गोभौनं.र मिति</th><th>उपभोत्ता समितिको नाम</th><th>लागत अनुमान</th><th>कार्य सम्पन्न</th><th>उपकरणमा खर्च</th><th>उपकरण</th></tr>
<tr><td>२०७९।०३।०६।०९</td><td>सिम्रानचौरआ.वि घेरावार</td><td>१७०६६८१</td><td>१७०६६८१</td><td>१०६६९८</td><td>जे.सि.वि</td></tr>
<tr><td>२०७९।०३।०६।११</td><td>अर्चले पुछारदेखि भोर्ले झाँग अर्चले</td><td>२२४१४४८</td><td>२२४१६९७</td><td>४२५७२७</td><td>एक्साभेटर</td></tr>
<tr><td>२०७८।१२।०१।८४</td><td>चिलाउने ठान्डापानी सडक मर्मत</td><td>११३०४५६</td><td>११३०४५६</td><td>२२००६७</td><td>जे.सि.वि</td></tr>
<tr><td>२०७८।१०।०४।२५</td><td>३ नं वडा सडक सरसफाई तथा मर्मत</td><td>१६६३०६६</td><td>१४०६४००</td><td>१३१६०००</td><td>जे.सि.वि</td></tr>
<tr><td>२०७८।१२।१८</td><td>गा.पा डावाचेत ऐसेलु भुमेश्थान सडक</td><td>३६४८२६७</td><td>२४००२३२</td><td>२३६१७००</td><td>एक्जाभेटर,रोलर</td></tr>
</table></td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>लागत सहभागिताः

लागत सहभागिता गाउँपालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीयतहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नु पर्दछ। तर गाउँपालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन। अतःनगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनु पर्दछ।</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>योजना छनौट तथा सञ्चालनः

योजना छनौट र सञ्चालनः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथामिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतीका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। यस वर्ष गाउँपालिकाको विनियोजन ऐन बमोजिम स्वीकृत भएका कुल 197 योजनाहरू मध्ये रू ० देखि रू 10 लाख सम्मको १८६ वटामा रु. १४ करोड ७१ लाख, १० लाख भन्दा वढीको २० लाख सम्ममको ११ वटा योजना र २० देखि माथिको ८ योजना गरी जम्मा रु. १५ करोड ४३ लाख खर्च भएको छ। कूल योजनामध्ये १८६ वटा योजना रु. ५ लाख भन्दा कम बजेटको संचालन भएको देखियो। यस्ता वितरण मुखी कार्यक्रमलाई नियन्त्रण गर्नु पर्दछ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५७</td><td></td><td></td><td>

सामाजिक सुरक्षा भत्ताको लगत कट्टा:गाउँपालिकामा आ व २०७८।७९ मा निम्न लाभग्राहिको नामावली लगत कट्टा भएको व्यहोरा प्रणालीमा निम्नानुसार देखिएको छ।

<table>
<tr><td>लगत कट्टाको कारण</td><td>संख्या</td></tr>
<tr><td>मृत्यु</td><td>५९</td></tr>
<tr><td>बसाईसराई</td><td>१</td></tr>
<tr><td>दोहोरो भुक्तानी</td><td>०</td></tr>
<tr><td>एकल महिलाले विबाह गरेको</td><td>१</td></tr>
<tr><td>दलित वालवालिका ६० महिना पुगेको</td><td>१७</td></tr>
<tr><td>जम्मा</td><td>८५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>

सामाजिक सुरक्षा सम्बन्धी सूचना:सामाजिक सुरक्षा भत्ता वित्तरण सम्बन्धमा पारदर्शिता तथा जवाफदेहिता कायम गर्न सुरक्षा भत्ता वित्तरण कार्यविधि, २०७७ को परिच्छेद ७ बमोजिम देहायनुसार गर्नु पर्नेमा सो अनुसार नगरेकोले कार्यविधिमा तोकिए अनुसार गर्न पर्नेमा दफा ३१ बमोजिम सामाजिक सुरक्षा भत्ता वित्तरण कार्यक्रममा भएको निकासा तथा खर्चको चौमासिक रुपमा समिक्षा गर्नु पर्नेमा नगरेको

दफा ३२ बमोजिम लाभग्राहीको नाम पालिका एम आई एस बमोजिमको अद्यावधिक नामावली पालिकाको वेबसाईटमा राख्नु पर्ने ।
दफा ३४ बमोजिम पालिका तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नु पर्दछ।
</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>

सामाजिक सुरक्षा भत्ता

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा भत्ता वित्तरण कार्यविधि, २०७७ को प्रावधान बमोजिम गर्नुपर्दछ । सामाजिक सुरक्षामा यस वर्ष निम्नअनुसार अवस्था रहेको देखियो।

<table>
<tr><td>किस्ता</td><td>जम्मा निकासा</td><td>वैंकले लाभग्राहिको खातामा जम्मा</td><td>वाकि</td><td>जम्मा वितरण</td><td>फरक रकम</td></tr>
<tr><td>प्रथम किस्ता</td><td>१६८३७१८३</td><td>१६७७४०९१</td><td>६३०९२</td><td>१६७७४०९१</td><td>६३०९२</td></tr>
<tr><td>दोस्रो किस्ता</td><td>१६९७८६३६</td><td>१६९४६५२३</td><td>३२११३</td><td>१६९१४४१०</td><td>३२११३</td></tr>
<tr><td>तेस्रो किस्ता</td><td>१७१७४०३७</td><td>१७१४२०५७</td><td>३१९८०</td><td>१७११००७७</td><td>३१९८०</td></tr>
<tr><td>चौथो किस्ता</td><td>१७०१३२२९</td><td>१६९७५६५३</td><td>३७५७६</td><td>१६९३८०७७</td><td>३७५७६</td></tr>
<tr><td>जम्मा निकाशा</td><td>६८००३०८५</td><td>६७८३८३२४</td><td>१६४७६१</td><td>६७७३६६५५</td><td>१६४७६१</td></tr>
<tr><td colspan="5">लगत कट्टा भइ फिर्ता गर्न बाकी</td><td>५९९४२</td></tr>
<tr><td colspan="5">जम्मा फिर्ता गर्नु पर्ने सानिमा वैंक किस्पाङ बाट कोलेनिकामा</td><td>२२४७०३</td></tr>
</table>
</td><td>२२४,७०३</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सामाजिक सुरक्षा भत्ता वितरणको फर्वर्ड फिड रिभर्स फिड बाट रु १६४७६१। तथा कार्यालयले सामाजिक सुरक्षा भत्ताका लाभग्राहीको लगत कट्टाकालागी वैंकमा गरेको सिफारिसका आधारमा रु ५९९४२। रकम गरि जम्मा रु २२४७०३। रकम फिर्ता गर्नु पर्ने देखियो। सो सम्बन्धमा कार्यलयले रकम एकिन गरि सम्बन्धित को ले नि का मार्फत फिर्ता गर्नु पर्दछ।	